श्री

# उच्च अदालत बिराटनगर इलाम

## इलाम इजलास इलाम

टिप्पणी आदेश

फोन नं– ०२७-५२०२४८
५२००१२
फ्याक्स नं– ०२७-५२०२४८

पत्र संख्या–
चलानी नं.– ६२९६
प्राप्त प.स.र मिति

मिति : २०७८/०१/२२

सूचना! सूचना!! सूचना

हाल बिश्वभर नोवल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण बढिरहेको र नेपालमा पनि तिब्र गतिमा यसको प्रभाब फैलिरहेको सन्दर्भलाई ध्यानमा राखी सोको जोखिम नियन्त्रण र रोकथामको लागि सरकारी कार्यालयहरूबाट प्रवाह हुने सेवाहरू पनि आवश्यकता अनुसार संकुचन गर्न नेपाल सरकारबाट मिति २०७८।०१।०६ मा आदेश जारी भएको र सर्बोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी प्रेस बिज्ञप्ति अनुसार यस जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय इलामबाट पनि मिति २०७८।०१।२२ गतेदेखि लागूहुने गरी निषेधाज्ञाको आदेश जारी भएको हुँदा जिल्ला प्रशासन कार्यालय इलामबाट जारी भएको निषेधाज्ञाको अवधिभर अर्थात मिति २०७८।०१।२२ गतेदेखि मिति २०७८।०१।३१ गतेसम्म यस अदालतबाट प्रबाह हुने सेवाहरूलाई देहाय बमोजम व्यवस्थापन गर्ने गरी मिति २०७८।०१।२२ गते बसेको बार बेन्च तथा फूलकोर्टको बैठकबाट निर्णय गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निर्णयहरू:-

१. देहाय बमोजिमको काम कारबाही र सेवाहरू यथावत सुचारू रहने:-
   क. बन्दी प्रत्यक्षीकरणको निवेदनको दर्ता र सुनुवाई
   ख. पक्राउ पुर्जी जारी, जरूरी पक्राउ पुर्जी स्वीकृति र म्याद थप
   ग. अभियोगपत्र दर्ता र थुनछेकको कारबाही
   घ. कोभिड -१९ संग सम्बन्धित रिट निवेदनको दर्ता र सुनुवाई
२. माथि उल्लेख गरिएदेखि बाहेकका यस अदालतबाट प्रवाह हुने अन्य कामकारबाही र सेवाहरू स्थगन हुने
३. काम कारबाही र सेवा स्थगन भएको अवधिमा पर्ने हदम्याद, म्याद र तारेख नगुज्रने
४. सेवा स्थगन भएको अवधिमा सञ्चालनमा रहने सेवाको लागि अवश्यक पर्ने संख्यामा मात्र न्यायाधीश र कर्मचारीहरू अदालतमा उपलब्ध हुने गरी आलोपालो प्रणाली अपनाई भिडभाडलाई नियन्त्रण गर्ने।

२०७८।०१।२२

रजिष्ट्रार